"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive
ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं. (Reg. No.):

मिति : २०८१।१२।०४ गते
ने.सं.११४५ चिल्लागा पारु,१७ सोमबार

### समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम ( CBR ) मा प्रस्तावना पेश गर्ने सम्बन्धि सूचना ॥।

प्रस्तुत विषयमा आ.व.०८१/०८२ का लागि प्राप्त भएका व्यक्तिहरुको सामाजिक आर्थिक सशक्तिकरण गरी विकासको मूल प्रवाहमा ल्याउने उद्धेश्यले प्रदेश सरकार सामाजिक विकास मन्त्रालय मार्फत स्थानीय तहमा अपांगता भएका व्यक्तिहरुको लागि समुदायमा आधारित पुनर्स्थापना ( CBR ) कार्यक्रम यस नगरपालिका भित्र रहेका अपाङ्गता सम्बन्धि काम गर्ने संस्थाहरुको साझेदारीमा सञ्चालन गर्न यो सूचना जारी गरीएको हो । यो सूचना जारी भएको मितिले १५ दिन (अन्तम दिन विदा भएमा) त्यस पछिको कार्यालय लाग्ने दिन भित्र योग्यता पुगेका इच्छुक गैर सरकारी संस्थाले तपसिलको रित र शर्त पुरा गरी प्रस्ताव पेश गर्नुहुन यो सूचना मार्फत जानकारी गराईन्छ । सामाजिक विकास मन्त्रालयबाट प्राप्त निर्देशिका बमोजिम संस्था छनौट गर्ने अधिकार समूदायमा आधारित पुनर्स्थापना कार्यक्रम समन्वय तथा अनुगमन समितिलाई हुनेछ ।

तपसिल

१ दरखास्त साथ बुझाउनुपर्ने कागजातहरु

**क** संस्था दर्ता नविकरण विधान प्रशासनिक र आर्थिक नियमावलिको छायाप्रती
**ख** समाजकल्याण परिषद्को आबद्धता पत्र
**ग** गत वर्षको वार्षिक प्रगती प्रतिवेदन र लेखा परिक्षण प्रतिवेदन
**घ** संस्थाको भौतिक पूर्वाधारको अवस्था
**ङ** अपांगता क्षेत्रमा काम गरेको अनुभव सम्बन्धी कागजात
**च** हाल सम्म गरेका कार्यहरुको विवरणहरु साथै नगरपालिका संग साझेदारीमा सम्पन्न गरेका कार्यक्रमहरुको विवरण

**२.प्राथमिकता**

**क** यस नगरपालिका भित्र दर्ता गरी सूचिकृत भई कार्यरत त्यस्तो संस्था नभएमा ललितपुर जिल्ला भित्र दर्ता भईयस नगरपालिकामा सूचिकृत गरी कार्यरत रहेको ।

३. प्रस्ताव दर्ताको लागि कुनै शुल्क लाग्नेछैन ।

४. प्रस्तावनामा कुनै प्रशासनिक खर्च उल्लेख गर्न पाईने छैन ।

५.प्रस्ताव अपांगता भएका व्यक्ति तथा परिवारको क्षमता अभिवृद्धि शिक्षा स्वास्थ्य सीप आदिमा गरी आय आर्जन तथा स्वाबलम्बन बनाउन लक्ष्यित हुनुपर्ने ।

६.बजेट तथा कार्यक्रम

| सि.नं. | कार्यक्रम शिर्षक | बजेट रकम | कार्यक्रम सम्पन्न गर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १ | समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | रु.२७०००००। | बैशाख मसान्त | |

७.प्रस्ताव दर्ता गर्ने स्थान

महालक्ष्मी नगरपालिका सामाजिक विकास शाखा

२०८१।१२।०४

इन्द्र प्रसाद अधिकारी
अधिकृत आठौं

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np